आजमिति २०८१/११/१३ गते मंगलबार दिउसो ठिक ३:०० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको वैठक बसी देहायको बमोजिमको निर्णय गरियो ।

वैठक संख्याः-१२३

| क्र.सं. | नाम ,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | श्री अशोक कुमार गुप्ता | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | श्री ~~दिलिप कुमार चौधरी~~ राम नारायण कुर्मी (का.व.अ.) | वडा अध्यक्ष वडा नं.५ | राम नारायण कुर्मी |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | श्री इन्द्रमणी कुर्मी | वडा अध्यक्ष वडा नं.७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं.८ | |
| ११ | श्री दिपक गुरुङ | वडा अध्यक्ष वडा नं.९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं.१० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं.११ | |
| १४ | श्री ~~इन्सान अलि धुनियाँ~~ सिराज अलि का.वा.अ. | वडा अध्यक्ष वडा नं.१२ | |
| १५ | श्री चन्द्रा कुर्मी | कार्यपालिका सदस्य | |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | प्रेमा |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | मानति |
| १८ | श्री शिरविन्दु थारु | कार्यपालिका सदस्य | शिरविन्दु |
| १९ | श्री प्रभावति यादब | कार्यपालिका सदस्य | प्रभावती |
| २० | श्री गोविन्द कहार | कार्यपालिका सदस्य | |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री राम दास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री पुनाराम पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति :-

| | | | |
|---|---|---|---|
| १ | श्री रसिद खाँ | सल्लाहकार | |
| २ | श्री हरि प्रसाद ज्ञवाली | उपसचिव | |
| ३ | श्री बलराम न्यौपाने | अधिकृत (लेखा) | |
| ४ | श्री राजेश श्रेष्ठ | इन्जिनियर | |
| ५. | श्री सन्धी चौधरी | सहायक चौथो | |
| | | | |

मिति २०८१/११/१३ गतेको कार्य पालिका बैठकका निर्णयहरु

कार्यपालिका बैठक संख्या :- १२३

बैठकका प्रस्तावहरु

१. नगर सभा सम्बन्धमा ।

२. बालमैत्री सम्वन्धी कार्यविधि, निर्देशिका, मापदण्ड सम्बन्धमा ।

३. लै. स. स. स. (जेसी) नीति सम्बन्धमा ।

४. विविध ।

निर्णयहरु

१. मिति २०८१/१०/२४ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

२. सामाजिक विकास शाखाबाट पेश भएका तपसिल बमोजिमका नीति, निर्देशिका, कार्यविधि, मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन सम्वन्धी मापदण्ड, २०८१।

२. विद्यालय बस सञ्चालन निर्देशिका, २०८१ ।

३. बालकोष सञ्चालन कार्यविधि, २०८१ ।

४. बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८१ ।

५. लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०८१ ।

विविधः-

१. आर्थिक विकास शाखाबाट पेश भएको "कपिलवस्तु नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१" स्वीकृत गर्ने निर्णय गरियो ।

२. साइकल सिटि भैरहवाले सार्क मुलुकका २०० जना साईकिलिष्टहरुलाई भगवान गौतम बुद्धको जन्म स्थल लुम्बिनी र बुद्धसँग सम्बन्धित स्थानहरुको अवलोकन गराउने उद्देश्यले बुद्ध ज्ञान साईकल यात्रा -२०८१ दोस्रो संस्करण मिति २०८१ फाल्गुन १५, १६ र १७ गते आयोजना गर्न लागेकोले कपिलवस्तु नगरपालिकाको तर्फबाट साईकिलिष्टहरुलाई स्वागत गरि खानाको व्यवस्था गर्ने निर्णय गरियो ।

३. जिल्ला समन्वय समिति तौलिहवा कपिलवस्तुको मिति २०८१/१/१२ गते च.न.२१८ पत्रानुसार एंव महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नं.१३२५ ।१८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना आ.ब.२०७९/८०-२०८१/८२ कार्यान्वयनका लागि यस कपिलवस्तु नगरपालिका नगर प्रमुखज्यूको संयोजकत्वमा तपसिल बमोजिमको नगर स्तरीय निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| श्री सुदिप पौडेल | नगर प्रमुख | संयोजक |
| श्री सुनिता गुप्त वैश्य | नगर उपप्रमुख | सदस्य |

सुदिप पौडेल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| श्री पुनाराम पौडेल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| श्री हरि प्रसाद ज्ञवाली | उपसचिव शिक्षा शाखा प्रमुख | सदस्य |
| श्री दिरेप कुमार चौधरी | सामाजिक विकास समिति संयोजक | सदस्य |
| श्री उमेश प्रसाद गुप्ता | स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| श्री विनोद कुँवर | प्रशासन शाखा प्रमुख | सदस्य |
| श्री सरोजा चौधरी | स.म.वि.नि. | सदस्य |
| श्री पार्वती गुप्ता | प्र.स.नि.(प्रहरी महिला सेल) | सदस्य |
| श्री विमला पौडेल | साथी सस्था प्रमुख | सदस्य |
| श्री सुमन कुमारी पासी | सामाजिक परिचालक (न्यायिक समिति) | सदस्य सचिव |

४. बुद्धले २९ बर्ष विताएको बुद्धको घर (राजदरवार) प्राचिन कपिलवस्तु तिलौराकोट, कपिलवस्तु नगरपालिका अन्तर्गत रहेका बुद्ध सँग सम्बन्धित क्षेत्र, तौलेश्वर मन्दिर लगायतका धार्मिक र पर्यटकीय क्षेत्रको राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने, कपिलवस्तुको पर्यटन प्रवर्द्धन र विकासका लागि राष्ट्रिय अन्तराष्ट्रिय स्तरका City/ नगरपालिका र NRNA NCC USA, NRNA ICC, NCC, बिभिन्न संघ सस्थाहरु सँग संस्थागत सम्बन्ध (MoU) कायम गरी समन्वय, सहकार्य र अनुभव आदान प्रदान प्रदान गर्ने निर्णय गरियो

५. बुद्ध परिपथका नगरपालिकाहरु बुद्धको घर (राजदरवार) बुद्धले २९ बर्ष विताएको प्राचिन कपिलवस्तु तिलौराकोट कपिलवस्तु नगरपालिका कपिलवस्तु, बुद्ध जन्मस्थल लुम्बिनी सास्कृतिक नगरपालिका रुपन्देही, बुद्ध मावली मायादेवीको माईत देवदह नगरपालिका रुपन्देही, बुद्धको अष्टधातु रहेको रामग्राम नगरपालिका नवलपरासी/ बुद्ध परिपथको पर्यटन प्रवर्द्धन र विकासका लागि पालिका, प्रदेश, संघ र अन्तराष्ट्रिय स्तरमा सहकार्य गर्ने ।

६. बुद्धले २९ बर्ष विताएको बुद्धको घर (राजदरवार) प्राचिन कपिलवस्तु तिलौराकोट लगायतका क्षेत्रको अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार, NRNA र विदेशी पर्यटकहरुबाट बुद्धले २९ बर्ष विताएको बुद्धको घर (राजदरवार) प्राचिन कपिलवस्तु तिलौराकोट र बुद्ध परिपथको भ्रमण गर्न अन्तराष्ट्रिय स्तरमा सहयोग, समन्वय र सहकार्य गर्ने र विश्वभर रहेका NRNA हरुलाई आव्हान गर्ने ।

७. बुद्ध परिपथका नगरपालिकाहरु (कपिलवस्तु, लुम्बिनी साँस्कृतिक,, देवदह र रामग्राम नगरपालिका) को पर्यटन प्रवर्द्धन र विकासका लागी राष्ट्रिय,अन्तराष्ट्रिय स्तरमा बुद्ध परिपथको प्रचार प्रसार, समन्वय, सहकार्य, सम्बन्ध विस्तार र अनुभव आदानप्रदान गर्ने कार्यमा विगत ६बर्ष (२०७५ साल) देखी काम गर्दै आउनु भएका श्री तुलसी राम लामिछाने नागरिकता न. १५०६/३४१ बागलुङ हाल शुद्धोधन गाउपालिका वडा न. १ बगदी कपिलवस्तु निवासी (पासपोर्ट न. ११०५६९७३) लाई मितिः २०८१/११/२२ देखी लागु हुने गरि कपिलवस्तु नगरपालिकाको समन्वयकर्ता /Coordinator को जिम्मेवारी दिने। समन्वयकर्ता/Coordinator तुलसी राम लामिछानेलाई उपरोक्त काममा खटिदा दोहोरो नपर्ने गरि सहायक चौथो तहको दैनिक भत्ता, होटलवास, खाना/नास्ता र यातायात खर्च आदी सेवा सुविधा प्रदान गर्ने ।

८. कपिलवस्तु नगरपालिकाको राष्ट्रिय अन्तराष्ट्रिय समन्वय, सहकार्य, सम्बन्ध विस्तार, सहयोग र अनुभव आदान प्रदान कार्यविधि,२०७७ अनुसारका कार्यहरु गर्न गराउनका लागि कपिलवस्तु

प्रमुख प्रशासकीय अधिकृत

नगरपालिका कार्यालमा कार्यविधि अनुसार समन्वय शाखाको स्थापना गरि संचालन गर्ने र समन्वयकर्ता श्री बिनोद कुँवरलाई जिम्मेवारी दिने निर्णय गरियो ।

९. यस कपिलवस्तु नगरपालिकाको आ.ब. २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा सूचिकृत बेरोजगारहरुको नामवली स्वीकृत गर्ने निर्णय गरियो ।

१०. यस कपिलवस्तु नगरपालिकाको आ.ब.२०८१/०८२ का लागि स्विकृत कार्यक्रम तथा बजेट अनुसारका आयोजना तथा कार्यक्रमहरुको प्राविधिक प्रतिवेदन बमोजिम तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुको भुक्तानिहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

१. ठेक्का नं.३२ ०८०/८१ (८०५४९४०११०२) महिता-बर्गदवा-सुखरामपुर सडक कालो पत्रे मर्मत वडा नं.३

२. ठेक्का नं.३६ ०८०/८१ (८०५४९४०११०२) अकबरपुर गाँउ देखि सौराहा करबला सम्म आर.सि.सि सडक वडा नं.१२

११. यस कपिलवस्तु नगरपालिका क्षेत्रमा छाडिएमा चौपायाहरुको संख्या अत्याधिक मात्रामा हुन गई कृषकको बालीनालीमा क्षती पुर्याउने बजार क्षेत्र तथा सडकमा आवत जावतमा अवरोध पैदा हुने भइरहेको अवस्थामा वाणगंगा नगरपालिकाको अन्तरपालिका छाडा चौपाया व्यस्थापन सम्बन्धी कार्यविधि अनुसार हुनेगरि यस नगरपालिकामा रहेको छाडा चौपायाहरु व्यवस्थापन गरिदिन वाणगंगा नगरपालिकालाई अनुरोध गरि विभिन्न मितिमा छाडा चौपाया पठाइएकोमा व्यवस्थापन गर्न पठाइएको छाडा चौपायाको संख्याको आधारमा उक्त कार्यविधि बमोजिम लागत व्यहोर्न कपिलवस्तु नगरपालिकार वाणगंगा नगरपालिका विच MoU गर्ने एंव सोही बमोजिम भुक्तानी दिन निर्णय गरियो ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत